**नासौं गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**धारापानी मनाङ**
**गण्डकी प्रदेश, नेपाल**

# सिलवन्दि बोलपत्र आब्हान गरीएको सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७६।१०।०२)

यस नासौं गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धारापानी, मनाङको आ.ब.२०७६।७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिल बमोजिमका निर्माण सम्बन्धि योजना खुला बोलपत्रबाट प्रतिष्पर्धा गराई कार्यसम्पन्न गर्नुपर्ने भएकोले ईच्छुक ठेकेदार फर्महरुलाई कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता (VAT) प्रमाणपत्र, निर्माण व्यवसायी ईजाजतपत्र, आ.ब. २०७५।७६ को करचुक्ता प्रमाणपत्र, तोकिएबमोजिमको गा.पा.को धरौटी खातामा नगद जम्मा गरेको प्रमाण वा बैंक ग्यारेण्टी, आफु प्रतिष्पर्धामा भाग लिन अयोग्य नरहेको स्वघोषणा पत्र, प्रतिनिधि मनोनयन गरि पठाएको पत्र लगायत अन्य आवश्यक कागजातसहित बोलपत्र फाराम खरिद गरी प्रतिष्पर्धामा भाग लिनका लागि ईच्छुक राष्ट्रिय स्तरका योग्य बोलपत्रदाताहरुबाट रितपुर्वकको सिलवन्दि बोलपत्र आव्हान गरिन्छ।

१. सिलवन्दि दरभाउपत्र गाउँ कार्यपालिकाको कार्यालयको योजना शाखाबाट नगदै रु.३,०००।- रसीद काटी वा नासौं गाउँपालिका सञ्चित कोष खाता नं.१८६००२०११२१०७४००००१ मा नगद जम्मा गरेको भौचर निवेदनसाथ कम्पनी दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता (VAT) प्रमाणपत्र, निर्माण व्यवसायी ईजाजतपत्र, आ.व. २०७५।७६ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी, अयोग्य नरहेको स्वघोषणा संलग्न राखी निवेदन पेश गरी मिति २०७६।१०।०२ बाट २०७६।११।०२ गते कार्यालय समयसम्म खरिद गर्न सकिनेछ।

२. सार्वजनिक खरिद कानुन बमोजिम कालोसुचीमा परेको फर्म तथा प्रचलित कानुन बमोजिम गलत कार्य गरी कारबाहीमा परेका र बोलपत्र पेश गर्न अयोग्य फर्महरुले बोलपत्र पेश गर्न पाउने छैनन्। आफु योग्य रहेको व्यहोरा सहितको स्वघोषणा पत्र बोलपत्र खरिद गर्दाका बखत पेश गर्नुपर्नेछ। झुठा व्यहोरा पेश गरी कार्य गरेको प्रमाणित भएमा तत्काल सम्झौता रद्द गरी कारबाहीका लागि लेखी पठाईनेछ।

३. बोलपत्र २०७६।११।०४ (३ गते सार्वजनिक विदा परेकोले) गते मध्यान्ह १२ बजेभित्र कार्यालयको योजना शाखामा दर्ता गरिसक्नुपर्नेछ, रित नपुगेका तथा म्याद नाघी आएका बोलपत्रहरु उपर कारबाही गरीने छैन।

४. बोलपत्रका हरेक पृष्ठमा अधिकारप्राप्त प्रतिनिधिको दस्तखत तथा फर्मको छाप सहित बोलपत्र कागजातमा माग भएका सम्पुर्ण सुचना तथा दररेटहरु प्रष्ट ढंगले भर्नुपर्नेछ।

५. सिलवन्दि बोलपत्रसाथ जमानतका लागि नगदै वा नासौं गाउँपालिकाको प्रभु बैंक लि. धारापानी, मनाङमा रहेको ग ३ धरौटी खाता नं. १८६००२०११२१०७४००००४ मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिनको मान्य अवधि भएको नेपालको क बर्गको वाणिज्य बैंकको ग्यारेण्टी सिलवन्दि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

६. बोलपत्र फिर्ता वा संशोधन सम्वन्धी व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ।

७. बोलपत्रको मान्य अवधि ९० दिनको हुनेछ।

८. समयभित्र दर्ता हुन आएका सिलवन्दि बोलपत्रहरु बोलपत्रदाताहरु समेतको रोहवरमा २०७६।११।०४ गते दिनको २ बजे पछि खोलिनेछ। बोलपत्रदाताहरु उपस्थित नभएपनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन।

९. निर्माण स्थलको भ्रमण तथा अन्य यस सम्वन्धी जानकारीका लागि कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

१०. कार्यालयले तोकेको मितिमा सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिनलाई नै आधिकारीक मिति मानिनेछ।

११. अन्य कुराहरु प्रचलित खरिद कानुन तथा कार्यालयको निर्णयानुसार हुनेछ।

**योजनाको विवरण:**

| क्र.सं. | ठेक्का नं. | योजनाको नाम तथा ठेगाना | लागत अनुमान (भ्याट बाहेक रु.) | धरौटी रु. |
|---|---|---|---|---|
| १ | NCB-8/2076/77 | ताल घेराङ मोटरबाटो निर्माण योजना, नासौं-१, मनाङ। | ४२,०७,७१२।३७ | रु.१,२०,०००।- |

**प्रमुख प्रशासकीय अधिकृत**